सुपरमाई हाईड्रोपावर लि.

रजिष्टर्ड कार्यालय: का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाडौं

सुपरमाई हाईड्रोपावर परियोजना ७.८ MW.ईलाम

मिति : २०८३।०७।२९

प.सं. आ.व २०८३/८४
च.नं.SMH/०८३/८४-६१

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

श्री नेपाल धितोपत्र बोर्ड,
खुमल्टार, ललितपुर ।

विषय: **आ.व.२०८३।८४ प्रथम त्रैमासिकको वित्तीय विवरण सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसुची १४ वमोजिम यस कम्पनीद्धारा तयार पारिएको मिति २०८३।०४।०१ देखि २०८३।०६।३१ सम्मको **प्रथम त्रैमासिकको** वित्तीय विवरण पेश गरेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु । उक्त विवरण मिति २०८३।०७।२९ गतेको राष्ट्रिय दैनिक अभियान पत्रिकामा प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

संलग्न:

१. अनुसुची १४ वमोजिमका विवरण ।
२. आ.व.२०८३।८४ को अपरिष्कृत **प्रथम त्रैमासिक**को वित्तीय विवरण ।

भवदीय,

सुपरमाई हाईड्रोपावर लिमिटेड

.....
रवि पौडेल
प्रमुख कार्यकारी अधिकृत
मोबाईल ९८५७०२९८२९

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ नियम २६ उपनियम १ संग सम्बन्धित अनुसुची-१४

सुपरमाई हाईड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालय का.म.न.पा.-३० काठमाण्डौं
फोन नं-०१४५४११३७
Email: supermaihydropower@gmail.com,
web: https://supermaihydro.com.np

१. (क) वित्तीय विवरण

आ.ब.२०८३/८४ को **प्रथम त्रैमासिक** विवरण व्यवस्थापनद्धारा तयार पारिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण :

वित्तीय अवस्थाको विवरण

Particulars	FY 2082/83 Ashad End	FY 2082/83 (I Quarter) Previous Year	FY 2083/84 (I Quarter) This Year
Equity & Liabilities			
Equity			
Equity Share Capital	64,20,00,000.00	53,50,00,000.00	64,20,00,000.00
Other Equity	12,77,27,951.00	16,24,30,376.67	16,54,29,075.39
Total Equity	**76,97,27,951.00**	**69,74,30,376.67**	**80,74,29,075.39**
Non-Current Liabilities			
Long Term Borrowings	60,47,00,000.00	66,77,00,000.00	55,77,00,000.00
Total Non-Current Liabilities	**60,47,00,000.00**	**66,77,00,000.00**	**55,77,00,000.00**
Current Liabilities			
Trade & other Payables	-		
Other Current Liabilities	30,58,441.00	16,13,885.59	21,41,286.07
Provisions	36,86,325.00	29,96,780.56	13,78,133.95
Total Current Liabilities	**67,44,766.00**	**46,10,666.15**	**35,19,420.02**
Total Equity & Liabilities	**1,38,11,72,718.00**	**1,36,97,41,042.82**	**1,36,86,48,495.41**
Assets			
Non-Current Assets			
Property, Furniture and Equipment	22,83,332.00	24,16,250.76	21,51,426.96
Intangible Assets	1,25,35,52,946.00	1,24,68,49,348.58	1,24,34,79,344.04
Other Non-Current Assets	3,00,00,000.00	1,00,00,000.00	3,00,00,000.00
Net Property, Plant and Equipment	**1,28,58,36,267.00**	**1,25,92,65,599.35**	**1,27,56,30,770.99**
Current Assets			
Inventory	79,20,182.00	62,63,164.96	75,08,365.12
Trade & Other Receivable	4,47,70,829.00	3,93,99,070.54	4,49,29,308.29
Cash & Cash Equivalent	2,74,00,443.00	3,59,97,179.28	1,62,54,696.82
Other Current Assets	1,52,44,996.00	2,88,16,028.69	2,43,25,354.19
Total Current assets	**9,53,36,450.00**	**11,04,75,443.47**	**9,30,17,724.42**
Total Assets	**1,38,11,72,718.00**	**1,36,97,41,042.82**	**1,36,86,48,495.41**

नाफा नोक्सान हिसाव

Particulars	FY 2082/83 Ashad End	FY 2082/83 (I Quarter) Previous Year	FY 2083/84 (I Quarter) This Year
Direct Income			
Revenue from Power Sales	21,75,79,540.00	6,85,94,505.10	7,18,71,463.59
Less : Cost of Sales	2,43,84,730.00	73,01,179.38	77,03,852.49
Gross Profit/ (Loss)	**193,194,810.73**	**6,12,93,325.72**	**6,41,67,611.10**
Add: Indirect Income	2,95,62,127.00	3,46,704.09	-
Less : Indirect Expenses			
Employee Benefits	15,33,763.00	456,295.91	5,59,143.77
General and Admin expenses	80,37,021.00	13,16,013.68	19,21,273.85
Depreciation Expenses	4,79,61,373.00	1,19,47,295.86	1,23,40,833.19
Net Income from Operation	**16,52,24,781.00**	**4,79,20,424.36**	**4,93,46,360.29**
Less : Financial Expenses	4,89,09,566.00	1,37,61,042.23	1,04,87,234.32
Profit Before Bonus &Tax	**11,63,15,215.00**	**3,41,59,382.13**	**3,88,59,125.97**
Less : Provision for Staff Bonus	23,26,304.00	6,83,187.64	7,77,182.52
Profit Before tax and CSR	**11,39,88,911.00**	**3,34,76,194.49**	**3,80,81,943.45**
Corporate Social Responsibility Exp	11,39,889.00	3,34,761.94	3,80,819.43
Profit Before Tax	**11,28,49,022.00**	**3,31,41,432.55**	**3,77,01,124.02**
Less: Provision for Tax	-	-	-
Profit After Tax	**11,28,49,022.00**	**3,31,41,432.55**	**3,77,01,124.02**
Profit/(Loss) transferred to B/S	**11,28,49,022.00**	**3,31,41,432.55**	**3,77,01,124.02**

नोटः लेखापरीक्षण नभएका अंकहरु लेखापरीक्षण पश्चात् सामान्य हेरफेर हुन सक्छन् ।

ख. प्रमुख वित्तीय अनुपातहरु

अवधि	प्रति शेयर आम्दानी रु (EPS)/त्रैमासिक	प्रति शेयर नेटवर्थ रु	प्रति शेयर कुल सम्पत्तिको मुल्य रु
२०८३ असोज मसान्त सम्म	५.८७%	१२५.७७	२१३.१९

२. व्यवसायिक विश्लेषण

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण: यस आ.व.को पहिलो त्रैमासमा आयोजनाको १ वटा टर्वाईन अचानक समस्या आउँदा उत्पादनमा केही कमि आएको छ । साथै ट्रान्समिसन लाईनमा भएको समस्याको कारण मेसिन कम लोडमा चलाउनु गर्ने बाध्यताका कारण उत्पादनमा कमि आएको छ । कम्पनीको मौज्दात तथा तरलतामा कुनै पनि समस्या छैन् ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण: यस वर्ष कम्पनीले अन्य विभिन्न सम्भावित लगानीका क्षेत्रहरु खोजी तथा पहिचान गरी तरलताको अवस्था हेरी नयाँ आयोजनामा लगानीमा गर्ने योजना राख्दै अगाडि बढेको छ ।

ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण: कम्पनीले व्यवसायिक उत्पादन गरेको ५ वर्ष भन्दा बढी सयम भईसकेकोले नयाँ मेशिनहरु थप वा बेला बेलामा मर्मत गरिरहनु पर्नेछ साथै अत्यावस्यक मेसिनरी सर-सामाग्रीहरु खरिद गरि मौज्दात गरि राख्नु पर्ने भएको कारणले कम्पनीको खर्चमा बृद्धि भई तरलता वा नाफामा थप प्रभाव परेको छ ।

३. कानूनी कारबाही सम्बन्धी विवरण: यस त्रैमासिकमा संस्थाले वा संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला परे/गरेको छैन ।

४. संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण: धितोपत्र बजारमा संस्थाको सम्पुर्ण शेयरहरु सुचीकरण तथा खुल्ला रहेकोले उल्लेखनीय रुपमा कारोबार भईरहेको रहेको छ । कम्पनीको गत त्रैमासमा भएको कारोबार निम्न अनुसार रहेको छ ।

अधिकतम मुल्य	न्युनतम मुल्य	अन्तिम मुल्य	कारोबार दिन	शेयर संख्या
५५९.९०	४८६.००	५१६.९५	६१	८०९२८२

५. समस्या तथा चुनौतीः

संस्थाले वहन गर्नु परेको समस्या तथा चुनौतीहरु बजारमा रहेको यस्तै प्रकृतिको अन्य संस्थाहरु सरह नै छन् । अन्य समस्या र चुनौती समाधानका उपायहरु बारेमा संचालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ । बर्षायाममा उत्पादित अधिक बिद्युतको भुक्तानी नदिने र बेला बेला लोड घटाउनु पर्ने र सुख्खा याममा उत्पादन कम हुने यस कम्पनीको मुख्य चुनौती रहेको छ ।

६. संस्थागत सुशासनः

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनले कर्मचारी प्रशासन विनियमावली तर्जुमा कर्मचार ीहरुको सेवा शर्त निर्धारण, वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरुको समुचित व्यवस्था गर्न उचित वातावरण तयार गर्ने गरेको छ ।

७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सू-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

खिम्ती–ठोसे–शिवालय जलाशययुक्त आयोजनाको काम अघि बढ्दै

काठमाडौं । एक हजार २१६ मेगावाट क्षमताको खिम्ती-ठोसे-शिवालय वृहत् जलाशययुक्त बहुउद्देश्यीय आयोजना अघि बढाउन ऊर्जा मन्त्रालयले तीन करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। आयोजनानाको अध्ययन, अनुसन्धान, वातावरणीय पक्षको विश्लेषण र प्रारम्भिक प्रक्रिया अघि बढाउन उक्त बजेट विनियोजन गरिएको हो ।

आयोजनालाई शीघ्र अघि बढाउने विषयमा प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिका सभापति डा. कृष्णहरि बुढाथोकीले शुक्रवार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठसँग छलफल गरेका छन् । छलफलका क्रममा उनले विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन गर्दै अध्ययन तथा अनुसन्धान, वातावरणीय प्रभाव मूल्यांकन र सरोकारवालासँग आवश्यक छलफल तथा अन्तरक्रियाका कार्यक्रमलाई तीव्रता दिन आग्रह गरे । उनले आयोजना अघि बढाउन मन्त्रालयबाट आवश्यक पहल र सहजीकरण गर्न पनि ध्यानाकर्षण गराएका थिए ।

प्रस्तावित आयोजना विद्युत् उत्पादनमा मात्र सीमित नभई सिँचाइ, खानेपानी, पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना तथा स्थानीय आर्थिक गतिविधिको विस्तारका दृष्टिले समेत महत्त्वपूर्ण मानिएको छ । *रासस*

हिमालयन क्यापसर्व लि.
विशालनगर, काठमाडौं

सिलबन्दी प्रस्ताव आह्वानसम्बन्धी सूचना
(प्रकाशित मिति : २०८३/०७/२९)

यस हिमालयन क्यापसर्व लिमिटेडको स्वामित्वमा रहेको दीर्घकालीन लगानी अन्तर्गत National Fund Management Limited द्वारा सञ्चालित "National Equity Fund - 1" को आंशिक इकाईहरू सिलबन्दी प्रस्तावका माध्यमबाट बिक्री गर्ने निर्णय भएकोले इच्छुक योग्य तथा प्रतिष्ठित व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सिलबन्दी प्रस्ताव आह्वान गरिन्छ । खरिदकर्ताले लिन चाहेको कुल इकाई संख्या र प्रति इकाई प्रस्ताव मूल्य (अंक र अक्षरमा प्रस्ट रूपमा) उल्लेख गरी सिलबन्दी खाममा प्रस्ताव पेस गर्नुपर्नेछ।

१. **बिक्री गरिने फण्ड तथा इकाईको विवरण :**
फण्डको नाम : National Equity Fund - 1 (National Fund Management Limited द्वारा सञ्चालित)
बिक्री गरिने इकाई संख्या : ५०,००० (पचास हजार) इकाई
प्रति इकाई न्यूनतम बिक्री मूल्य : रु. १,२००/- (एक हजार दुई सय रुपैयाँ) वा सोभन्दा बढी।

२. **प्रस्ताव पेस गर्ने अन्तिम मिति :**
यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र ।

३. **प्रस्ताव पेस गर्ने स्थान :**
हिमालयन क्यापसर्व लि. को रजिष्टर्ड कार्यालय, विशालनगर, काठमाडौं।

४. **आवश्यक कागजातहरू :**
- संस्थागत लगानीकर्ताको हकमा : कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र।
- व्यक्तिगत लगानीकर्ताको हकमा : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

प्रस्ताव स्वीकृत गर्ने, आंशिक स्वीकार गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा सुरक्षित रहनेछ।

मिति : २०८३/०७/२९

कम्पनी सचिव
बिना पाण्डेय
हिमालयन क्यापसर्व लि.

SuryaJyoti
जीवनको ज्योति

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण ।

श्रावण १, २०८३ देखि आश्विन ३१, २०८३ को विवरण:

१	निकायको स्वरुप र प्रकृति :	कम्पनी ऐन २०६३ बमोजिम स्थापना भइ बीमा ऐन २०७९ बमोजिम जीवन बीमा व्यवसाय गर्न नेपाल बीमा प्राधिकरणबाट बीमकको इजाजतपत्र प्राप्त जीवन बीमा कम्पनी।
२	निकायको काम,कर्तव्य र अधिकार :	कम्पनी ऐन २०६३, बीमा ऐन २०७९, विधेयक ऐन २०६३, बीमा नियमावली २०८१ तथा प्रचलित ऐन, कानून, नियम बमोजिमका काम कर्तव्य र अधिकारहरु रहेका छन्।
३	निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :	यस कम्पनीमा २०८३ आश्विन मसान्त सम्मा विभिन्न तह तथा पदमा कुल ५८४ जना कर्मचारीहरू कार्यरत रहेका छन्। ति कर्मचारीहरुले केन्द्रिय कार्यालय स्थित विभिन्न विभाग तथा प्रादेशिक/शाखा/उपशाखा कार्यालयहरू मातहत रहेर तोकिएका कार्यहरू सम्पादन गरिरहेका छन्।
४	निकायबाट प्रदान गरिने सेवा :	बीमा ऐन २०७९ बमोजिम जीवन बीमा कम्पनीले प्रदान गर्न सम्पूर्ण सेवाहरू।
५	सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :	यस कम्पनीको हाल सम्म केन्द्रिय कार्यालय र ७ वटा प्रादेशिक कार्यालय सहित जम्मा ३७६ वटा शाखा/उपशाखा कार्यालयबाट सेवा प्रदान भइरहेको छ। केन्द्रिय कार्यालया होक विभागमा विभागिय प्रमुख, प्रादेशिक कार्यालयमा प्रदेश प्रमुख र शाखा/उपशाखा कार्यालयका प्रमुखहरुलाई जिम्मेवार अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था मिलाईएको छ। साथै सम्पुर्ण कार्यालयहरु रहेको स्थान, प्रमुखको नाम, सम्पर्क नं. र इमेल ठेगाना यस कम्पनीको वेवसाइट www.suryajyotilife.com मा अद्यावधिक गरिएको छ।
६	सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी :	नेपाल बीमा प्राधिकरणबाट स्वीकृति लिइ यस कम्पनीले जारी गरेका बीमा योजना तथा राइडर सुविधाहरुको लागि बीमित/प्रस्तावकको उमेर तथा पेशाको आधारमा अन्य जोखिम विश्लेषण गरि बीमाशुल्क दर तोकिएको छ र उक्त शुल्कको आधमा मोबाइल एप तथा वेवसाइटबाट जानकारी लिन सकिनेछ। बीमालेख खरिदको लागि बीमित/प्रस्तावक बाट आवश्यक कागजातहरू प्राप्त भए पश्चात् तत्काले बीमालेख जारी गरिनेछ। दावी भुक्तानीको लागि आवश्यक सम्पुर्ण कागजात प्राप्त भएको मितिले बीमा नियमावली २०८१ मा उल्लेखित म्याद भित्र भुक्तानी गरिने छ।
७	निर्णय गर्ने प्रक्रिया र अधिकारी :	बीमालेख जारी गर्ने तथा अन्य सेवा प्रदान गर्न आवश्यक निर्णय लिने सम्बन्धमा तहगत आधारमा कम्पनीका विभागिय प्रमुख लगायत अन्य अधिकारीहरुलाई प्रत्यायोजित अधिकारी भित्र रही निर्णय गर्न सक्ने व्यवस्था मिलाईएको छ। विषयवस्तु तथा कार्य प्रकृतिको आधारमा प्रमुख कार्यकारी अधिकृत तथा संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ।
८	निर्णय उपर उजुरी सुन्ने अधिकारी :	निर्णयउपर चित नबुझी उजुरी गर्नु पर्ने फोरम कम्पनीका गुनासो सुने अधिकारी वा प्रमुख कार्यकारी अधिकृत समक्ष गुनासो तथा उजुरी दिन सकिनेछ।
९	सम्पादन गरेको कामको विवरण :	बीमा ऐन २०७९, बीमा नियमावली २०८१ एवं नेपाल बीमा प्राधिकरणबाट जारी निर्देशिका तथा परिपत्र बमोजिम जीवन बीमा कम्पनीले गर्ने सबै कार्यहरू सम्पादन गर्ने गरिएको छ।
१०	सूचना अधिकारी र प्रमुखको नाम र पद :	सूचना अधिकारीको: नाम: उमेश प्रसाद मैनाली पद: सहायक महाप्रबन्धक प्रमुखको: नाम: प्रकाश विक्रम खत्री पद: प्रमुख कार्यकारी अधिकृत
११	ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :	बीमा ऐन २०७९, बीमा नियमावली २०८१, कम्पनी ऐन २०६३, धितोपत्र सम्बन्धी ऐन २०६३, मुलुकी देवानी संहिता २०७४, सम्पत्ती शुद्धिकरण (मनि लाउण्डरिङ) निवारण ऐन २०६४, सम्पत्ती शुद्धिकरण (मनि लाउण्डरिङ) निवारण नियमावली २०७३, आयकर ऐन २०५८, सुरक्षित कारोबार ऐन २०६३, श्रम ऐन २०७४, श्रम नियमावली २०७५, बोनस ऐन २०३०, सूचनाको हक सम्बन्धी ऐन २०६४ लगायत प्रचलित नेपाल कानूनहरु तथा उपर्युक्त ऐन नियम अन्तर्गत बनेका विनियम, निर्देशिका लगायत नेपाल बीमा प्राधिकरण तथा अन्य नियमनकारी निकायबाट जारी सम्पुर्ण निर्देशिकाहरु।
१२	आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :	कम्पनीको समग्र आर्थिक कारोबारको विवरण वैमासिक रुपमा राष्ट्रिय दैनिक पत्रिकामा प्रत्येक अवमास समाप्त भएको ३० दिन भित्रमा प्रकाशन गर्ने गरिएको र कम्पनीको वेवसाइटमा समेत राख्ने गरिएको छ। विस्तृत विवरण कम्पनीको वेवसाइट www.suryajyotilife.com मा हेर्न सकिनेछ।
१३	तोकिए बमोजिमका अन्य विवरण:	नभएको।
१४	अघिल्लो आर्थिक वर्षमा निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण:	कर्मचारी तालिम, सेमिनार तथा पुनर्तालिम कार्यक्रम, अभिकर्ता तालिम तथा सेमिनार, शाखा कार्यालयहरुको प्रगति समिक्षा गोष्ठि लगायतका कार्यक्रमहरु गरिएको थियो।
१५	निकायको वेवसाइट भए सो को विवरण :	www.suryajyotilife.com
१६	निकायले प्राप्त गरेको वैधैनिक सहयोग, ऋण, अनुदान, प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :	नभएको।
१७	सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :	कम्पनीले गरेका वार्षिक कार्यक्रम लगायत अन्य कार्यक्रमहरुको सम्बन्धमा समय समयमा संचार माध्यमहरुमा प्रेस विज्ञप्ती तथा सूचना जारी गर्ने गरिएको, समग्र कारोबारहरुको सम्बन्धमा वार्षिक प्रतिवेदन र वैमासिक वित्तीय विवरण वेवसाइटमा राख्ने गरिएको।
१८	सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :	नभएको।
१९	निकायको सूचनाहरु अन्य प्रकाशित भएका वा हुने भएको भए सोको विवरण :	कम्पनीको वैमासिक वित्तीय विवरण, वार्षिक साधारण सभा, अभिकर्ता तालिम कार्यक्रम लगायतका अन्य आवश्यक सूचनाहरू राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशन गर्ने गरिएको र उक्त विवरणहरू कम्पनीको वेवसाइट www.suryajyotilife.com मा समेत राख्ने गरिएको छ।

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौं | फोन : ०१-४५३५४४५/४२
इमेल : info@suryajyotilife.com | वेवसाइट : www.suryajyotilife.com

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ नियम २६ उपनियम १ संग सम्बन्धित अनुसुची-१४

सुपरमाई हाईड्रोपावर लिमिटेड
रजिष्टर्ड कार्यालय का.म.न.पा.–३० काठमाण्डौं
फोन नं–०१४५४११३७
Email: supermaihydropower@gmail.com,
web: https://supermaihydro.com.np

१. (क) वित्तीय विवरण
आ.व.२०८३/८४ को **प्रथम त्रैमासिक** विवरण व्यवस्थापनद्वारा तयार पारिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण :

वित्तीय अवस्थाको विवरण

Particulars	FY 2082/83 Ashad End	FY 2082/83 (I Quarter) Previous Year	FY 2083/84 (I Quarter) This Year
Equity & Liabilities			
Equity			
Equity Share Capital	64,20,00,000.00	53,50,00,000.00	64,20,00,000.00
Other Equity	12,77,27,951.00	16,24,30,376.67	16,54,29,075.39
Total Equity	**76,97,27,951.00**	**69,74,30,376.67**	**80,74,29,075.39**
Non-Current Liabilities			
Long Term Borrowings	60,47,00,000.00	66,77,00,000.00	55,77,00,000.00
Total Non-Current Liabilities	**60,47,00,000.00**	**66,77,00,000.00**	**55,77,00,000.00**
Current Liabilities			
Trade & other Payables	-		
Other Current Liabilities	30,58,441.00	16,13,885.59	21,41,286.07
Provisions	36,86,325.00	29,96,780.56	13,78,133.95
Total Current Liabilities	**67,44,766.00**	**46,10,666.15**	**35,19,420.02**
Total Equity & Liabilities	**1,38,11,72,718.00**	**1,36,97,41,042.82**	**1,36,86,48,495.41**
Assets			
Non-Current Assets			
Property, Furniture and Equipment	22,83,332.00	24,16,250.76	21,51,426.96
Intangible Assets	1,25,35,52,946.00	1,24,68,49,348.58	1,24,34,79,344.04
Other Non-Current Assets	3,00,00,000.00	1,00,00,000.00	3,00,00,000.00
Net Property, Plant and Equipment	**1,28,58,36,267.00**	**1,25,92,65,599.35**	**1,27,56,30,770.99**
Current Assets			
Inventory	79,20,182.00	62,63,164.96	75,08,365.12
Trade & Other Receivable	4,47,70,829.00	3,93,99,070.54	4,49,29,308.29
Cash & Cash Equivalent	2,74,00,443.00	3,59,97,179.28	1,62,54,696.82
Other Current Assets	1,52,44,996.00	2,88,16,028.69	2,43,25,354.19
Total Current assets	**9,53,36,450.00**	**11,04,75,443.47**	**9,30,17,724.42**
Total Assets	**1,38,11,72,718.00**	**1,36,97,41,042.82**	**1,36,86,48,495.41**

नाफा नोक्सान हिसाब

Particulars	FY 2082/83 Ashad End	FY 2082/83 (I Quarter) Previous Year	FY 2083/84 (I Quarter) This Year
Direct Income			
Revenue from Power Sales	21,75,79,540.00	6,85,94,505.10	7,18,71,463.59
Less : Cost of Sales	2,43,84,730.00	73,01,179.38	77,03,852.49
Gross Profit/ (Loss)	**193,194,810.73**	**6,12,93,325.72**	**6,41,67,611.10**
Add: Indirect Income	2,95,62,127.00	3,46,704.09	-
Less : Indirect Expenses			
Employee Benefits	15,33,763.00	456,295.91	5,59,143.77
General and Admin expenses	80,37,021.00	13,16,013.68	19,21,273.85
Depreciation Expenses	4,79,61,373.00	1,19,47,295.86	1,23,40,833.19
Net Income from Operation	**16,52,24,781.00**	**4,79,20,424.36**	**4,93,46,360.29**
Less : Financial Expenses	4,89,09,566.00	1,37,61,042.23	1,04,87,234.32
Profit Before Bonus &Tax	**11,63,15,215.00**	**3,41,59,382.13**	**3,88,59,125.97**
Less : Provision for Staff Bonus	23,26,304.00	6,83,187.64	7,77,182.52
Profit Before tax and CSR	**11,39,88,911.00**	**3,34,76,194.49**	**3,80,81,943.45**
Corporate Social Responsibility Exp	11,39,889.00	3,34,761.94	3,80,819.43
Profit Before Tax	**11,28,49,022.00**	**3,31,41,432.55**	**3,77,01,124.02**
Less: Provision for Tax	-	-	-
Profit After Tax	**11,28,49,022.00**	**3,31,41,432.55**	**3,77,01,124.02**
Profit/(Loss) transferred to B/S	**11,28,49,022.00**	**3,31,41,432.55**	**3,77,01,124.02**

नोट: लेखापरीक्षण नभएका अंकहरु लेखापरीक्षण पश्चात् सामान्य हेरफेर हुन सक्छन् ।

ख. प्रमुख वित्तीय अनुपातहरु

अवधि	प्रति शेयर आम्दानी रु (EPS)/त्रैमासिक	प्रति शेयर नेटवर्थ रु	प्रति शेयर कुल सम्पत्तिको मुल्य रु
२०८३ असोज मसान्त सम्म	५.८७%	१२५.७७	२१३.१९

२. व्यवसायिक विश्लेषण
क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण: यस आ.व.को पहिलो त्रैमासमा आयोजनाको १ वटा टर्बाईन अचानक समस्या आउँदा उत्पादनमा केही कमि आएको छ । साथै ट्रान्समिसन लाईनमा भएको समस्याको कारण मेसिन कम लोडमा चलाउनु पर्ने बाध्यताका कारण उत्पादनमा कमि आएको छ । कम्पनीको मौज्दात तथा तरलतामा कुनै पनि समस्या छैन् ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण: यस वर्ष कम्पनीले अन्य विभिन्न सम्भावित लगानीका क्षेत्रहरु खोजी तथा पहिचान गरी तरलताको अवस्था हेरी नयाँ आयोजनामा लगानीमा गर्ने योजना राख्दै अगाडि बढेको छ ।

ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण: कम्पनीले व्यवसायिक उत्पादन गरेको ५ वर्ष भन्दा बढी समय भईसकेकोले नयाँ मेशिनहरु थप वा बेला बेलामा मर्मत गरिरहनु पर्नेछ साथै अत्यावश्यक मेसिनरी सर-सामारीहरु खरिद गरि मौज्दात गरि राख्नु पर्ने भएको कारणले कम्पनीको खर्चमा वृद्धि भई तरलता वा नाफामा थप प्रभाव परेको छ ।

३. कानूनी कारवाही सम्बन्धी विवरण: यस त्रैमासिकमा संस्थाले वा संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला पर्ने/गरेको छैन ।

४. संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण: धितोपत्र बजारमा संस्थाको सम्पुर्ण शेयरहरु सुचीकरण तथा खुल्ला रहेकोले उल्लेखनीय रुपमा कारोबार भईरहेको रहेको छ । कम्पनीको गत त्रैमासमा भएको कारोबार निम्न अनुसार रहेको छ ।

अधिकतम मुल्य	न्युनतम मुल्य	अन्तिम मुल्य	कारोबार दिन	शेयर संख्या
५५९.९०	४८६.००	५१६.९५	६१	८०९,२८२

५. समस्या तथा चुनौती:
संस्थाले वहन गर्नु परेको समस्या तथा चुनौतीहरु बजारमा रहेको यस्तै प्रकृतिको अन्य संस्थाहरु सरह नै छन् । अन्य समस्या र चुनौती समाधानका उपायहरु बारेमा संचालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ । वर्षायाममा उत्पादित अधिक विद्युतको भुक्तानी नदिने र बेला बेला लोड घटाउनु पर्ने र सुख्खा याममा उत्पादन कम हुने यस कम्पनीको मुख्य चुनौती रहेको छ ।

६. संस्थागत सुशासन:
संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनले कर्मचारी प्रशासन विनियमावली तर्जुमा कर्मचार हितको सेवा शर्त निर्धारण, वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामग्रीहरुको समुचित व्यवस्था गर्न उचित वातावरण तयार गर्ने गरेको छ ।

७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सू-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

आन्तरिक राजस्व कार्यालय पोखरा

लक्ष्यभन्दा १३ प्रतिशत बढी राजस्व संकलन

पोखरा । आन्तरिक राजस्व कार्यालय पोखरामा लक्ष्यभन्दा १३ प्रतिशत बढी रकम संकलन भएको छ । चालू आर्थिक वर्षको असोज मसान्तसम्म कार्यालयले रू. एक अर्ब ५१ करोड २७ लाख ७६ हजार राजस्व संकलनको लक्ष्य राखेको थियो ।

उक्त अवधिमा लक्ष्यभन्दा बढी रू. एक अर्ब ७१ करोड ५७ लाख ९८ हजार राजस्व जम्मा गर्न सफल भएको आन्तरिक राजस्व कार्यालय पोखराका प्रमुख कर अधिकृत शिवप्रसाद ढुंगानाले जानकारी दिए । सो रकम असोज मसान्तसम्मको लक्ष्यभन्दा रू. २० करोड ३० लाख २२ हजार बढी अर्थात् ११३ प्रतिशत प्रगति हो ।

पोखरामा आयकरमा लक्ष्यभन्दा निकै राम्रो प्रगति हासिल भएको प्रमुख कर अधिकृत ढुंगानाले बताए । यस अवधिमा आयकरतर्फ रू. ७९ करोड ४४ लाख ८३ हजार संकलनको लक्ष्य राखिएकोमा रू. एक अर्ब आठ करोड ८३ लाख २२ हजार जम्मा भएको उनले जानकारी दिए ।

घरबहाल कर र ब्याजकरमा भने असुली लक्ष्यभन्दा कम राजस्व संकलन भएको प्रमुख कर अधिकृत ढुंगानाले बताए । रू. एक करोड ८१ लाख ९१ हजार लक्ष्य रहेको घरबहाल करमा रू. एक करोड ३१ लाख ३८ हजार (७२ प्रतिशत) जम्मा भएको छ ।

त्यस्तै, ब्याजकरतर्फ रू. ९ करोड ८८ लाख ८२ हजार उठाउने लक्ष्य राखिए पनि रू. चार करोड ८७ लाख १५ हजार (४९ प्रतिशत) मात्र संकलन भएको उनले जानकारी दिए ।

मूल्य अभिवृद्धि कर (मूअकर) मा भने कार्यालयले असोजसम्मको लक्ष्य भेट्टाउन नसकेको प्रमुख कर अधिकृत ढुंगानाले जानकारी दिए । रू. ५३ करोड ३२ लाख ९९ हजार मूअकर उठाउने लक्ष्य लिइएकोमा १५ प्रतिशत कम राजस्व संकलन भयो ।

अन्तःशुल्क र अन्य कर संकलनमा उल्लेखनीय प्रगति भएको प्रमुख कर अधिकृत ढुंगानाले जानकारी दिए । रू. ६ करोड १७ लाख ४५ हजार लक्ष्य रहेको अन्तःशुल्कतर्फ ४३ प्रतिशत बढी अर्थात् रू. आठ करोड ८३ लाख २२ हजार संकलन भएको उनले बताए । अन्य करमा रू. ६१ लाख ७६ हजार लक्ष्य तोकिएकामा रू. दुई करोड ३७ लाख छ हजार जम्मा भएको छ ।

नेपाल सरकारले उपलब्ध गराएका छुट सुविधा, करदाता प्रोत्साहनलगायत कार्यक्रमका कारण लक्ष्यभन्दा बढी राजस्व संकलन भएको प्रमुख कर अधिकृत ढुंगानाले बताए । *रासस*

नेपाल सरकारले उपलब्ध गराएका छूट सुविधा, करदाता प्रोत्साहनलगायत कार्यक्रमका कारण लक्ष्यभन्दा बढी राजस्व संकलन भएको प्रमुख कर अधिकृत ढुंगानाले बताए ।

मंगलामा १ करोड बजेटको मौरीपालन परियोजना सञ्चालन हुने



म्याग्दी । म्याग्दीको मंगला गाउँपालिकामा यस वर्ष व्यावसायिक मौरीपालनबाट आयआर्जन तथा रोजगारी प्रवर्द्धन परियोजना सञ्चालन हुने भएको छ । गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि मंगला गाउँपालिकाको परियोजना स्वीकृत भएको हो । मंगलाका प्रमुख प्रशासकीय अधिकृत अमृत दाहालले प्रदेश सरकारको ७० र गाउँपालिकाको ३० प्रतिशत लागत साझेदारीमा रू. १ करोड बजेटको परियोजना प्रस्ताव स्वीकृत भएको जानकारी दिए ।

'व्यावसायिक मौरीपालनको माध्यमबाट रोजगारी सिर्जना र किसानको आयआर्जन सुधार गर्ने उद्देश्यले परियोजना सञ्चालन गर्न लागिएको हो,' उनले भने, 'किसानलाई मौरीपालन गर्न प्रविधि र ज्ञान, शीप सहयोग गरिनेछ ।'

गण्डकी प्रदेश सरकारले रू. ७० लाख बजेट उपलब्ध गराउने परियोजनामा गाउँपालिकाले रू. ३० लाख लगानी गर्ने भएको छ । सम्झौतापछि चालू आर्थिक वर्षभित्रै परियोजना सम्पन्न हुने गरी कार्यान्वयन हुने गाउँपालिकाले जनाएको छ । मध्य पहाडी क्षेत्रमा पर्ने मंगला गाउँपालिकाको कुहुँ, पूर्णगाउँ, बरेजा, अर्मेन र बाबियाचौरमा परम्परागत हिसाबले मौरीपालन हुँदै आएको छ ।

मौरीपालन गर्दै आएकालाई विस्तार र नयाँ किसानलाई आकर्षित गराउनका लागि परियोजना सञ्चालन गर्न लागिएको मंगला गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताए । मौरीपालन गर्दै आएका मंगला गाउँपालिका-३ बरेजा निवासी संविधानसभा सदस्य गमबहादुर श्रीसले परियोजनाले किसानहरूलाई उत्साहित बनाएको बताए ।

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनका लागि मंगलासहित गण्डकीका ११ ओटा स्थानीय तहका प्रस्ताव स्वीकृत भएका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार गोरखाको पालुङटार नगरपालिकामा गरिबी निवारणका लागि एकीकृत कृषि तथा पशुपन्छी विकास, आरुघाटमा कृषकको आर्थिकस्तर सुधारका लागि बाखा विकास, तनहुँको घिरिङ गाउँपालिकामा खाली जग्गा मसलाजन्य वस्तु उत्पादन र व्यास नगरपालिकाको उद्यमशीलतायुक्त सांस्कृतिक गाउँ (बेनीकोट कृषि तथा पर्यटन प्रवर्द्धन) परियोजना छनोट भएको छ ।

स्याङ्जाको फेदीखोला गाउँपालिकाको डिजिटल लर्निङसम्बन्धी प्रविधि, कास्कीको रूपा गाउँपालिकाको रूपा समुद्रिका लागि सस्तो लागतमा दूध उत्पादन, पर्वतको पैयूँ गाउँपालिकाको महिला नेतृत्वमा हाई-टेक टनेल तथा स्मार्ट कृषि बजार व्यवस्थापन, बागलुङ नगरपालिकाको एकीकृत क्युआर ई-हाउसिङ, डाटा सेन्टर तथा सामाजिक आर्थिक सूचना प्रणाली, काठेखोला गाउँपालिकाको विद्यार्थी केन्द्रित विद्यालय फलफूल बगैंचा कार्यक्रम र बडिगाड गाउँपालिकाको कार्यालय डिजिटलाइजेसन परियोजना छनोट भएको छ । *रासस*